- पञ्जिकरण विभाग तथा कार्यालयले गर्न भनि तोकि आएका कार्यहरु नियमित ।

# सामाजिक सुरक्षा भत्ता प्रथम त्रैमासिक

| क्रस | लाभग्राही | संख्या | रकम |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक | १६०२ | १९१५१४१० |
| २ | जेष्ठ नागरिक दलित | १९९ | १५४२६२८ |
| ३ | जेष्ठ नागरिक एकल महिला | २६३ | २०९३४२० |
| ४ | बिधवा | ३६६ | २८९९४०० |
| ५ | क वर्ग अपाङ्ग | १०६ | १२६०८४० |
| ६ | ख वर्ग अपाङ्ग | १६२ | १०२९९५२ |
| ७ | दलित बालबालिका पोषण भत्ता | २६१ | ४०४८४४ |
|  | जम्मा संख्या : | २९५९ | २८३८२४९४ |

# सामाजिक सुरक्षा भत्ता दोश्रो त्रैमासिक

| क्रस | लाभग्राही | संख्या | रकम |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक | १५९६ | १९०४१२२३ |
| २ | जेष्ठ नागरिक दलित | २१० | १६५६३८२ |
| ३ | जेष्ठ नागरिक एकल महिला | २८५ | २२६३६६० |
| ४ | बिधवा | ३६० | २८४०८८० |
| ५ | क वर्ग अपाङ्ग | १०६ | १२६३५९२ |
| ६ | ख वर्ग अपाङ्ग | १६४ | १०४२७२० |
| ७ | दलित बालबालिका पोषण भत्ता | २६५ | ४०८९२९ |
| | जम्मा | २९८६ | २८५१७३८६ |

# घटना दर्ता विवरण २०८२।०४।०१ देखि २०८२।१२।२५ सम्म

## जन्म दर्ता

**जम्मा: ३१९**

**पुरुष: १७४**
**महिला : १४५**

## मृत्यु दर्ता

**जम्मा : १३४**

**महिला : ५४**
**पुरुष : ८०**

## बसाइसराईः

**आएको जम्मा**
**परिवार संख्या : ४**
**सदस्य संख्या : १६**

**गएको जम्मा**
**परिवार संख्या: ५५**
**सदस्य संख्या: १८३**

## विवाह दर्ता जम्माः

**संख्या : १६८**

## सम्वन्ध विच्छेद जम्माः

**संख्या: १९**

# रुरु कृषि परियोजना

## समिक्षा कार्यक्रम-दोस्रो चौमासिक

## २०८२ चैत्र २७

# परियोजनाको परिचय

परियोजनाको नाम : रुरु कृषि परियोजना

परियोजनाको अवधि : २०८० माघ १९ देखि २०८२ चैत १८ ( ०२ फेब्रुअरी २०२४ देखि १ अप्रिल २०२६)

परियोजनाको कुल रकम : ३,३३,३३,३३३।०० (तीन करोड तेत्तिस लाख तेत्तिस हजार तीन सय तेत्तिस रुपैंयाँ मात्र)

लागत साझेदारी :


१) रुरुक्षेत्र गाउँपालिका : २,३३,३३,३३३।०० ( दुई करोड तेत्तिस लाख तेत्तिस हजार तीन सय तेत्तिस रुपैंयाँ)

२) हेफर प्रोजेक्ट नेपाल :१,००,००,०००।०० (एक करोड रुपैंयाँ मात्र)

साझेदार सस्था : नव प्रभात युवा संघ, गुल्मी

परियोजनाको कार्यक्षेत्र : रुरुक्षेत्र गाउँपालिकाका ६ वटै वडाहरु

लाभान्वित परिवार : ८२५ घरधुरीले प्रत्यक्ष र कुल ३,००० परिवार



# Ward Wise Pocket Area



# परियोजनाका उद्धेश्यहरु

१. रुरुक्षेत्र गाउँपालिका भित्रका ८२५ जना महिला तथा युवाहरूलाई ३३ वटा स्वावलम्बी समूहमा आबद्ध गरी आर्थिक, सामाजिक सशक्तीकरण मार्फत कृषि तथा पशुपालनबाट हुने आम्दानीलाई दोब्वर बृद्धि गरी जिवीकोपार्जनमा सुधार गर्ने ।

२. १५० जना युवाहरू सीपमूलक तथा उत्पादनमूलक उद्यम तथा व्यवसायहरूमा संलग्न रहनेछन् । साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सृजना हुनेछ ।

३. बाख्रामा बोर वा जमुनापारी र खरीको क्रस, गाईमा जर्सी र होलस्टेन वा यसका वर्णशंकरको प्रवद्र्धन गरी नश्ल सुधार मार्फत उत्पादकत्व बृद्धि गर्ने ।

४. रुरुक्षेत्र गाउँपालिकाको थप ५०० रोपनी क्षेत्रफल समेटिने गरी उन्नत जातका डाले तथा भुई घाँसको प्रवद्र्धन गर्ने ।

# परियोजनाका उद्धेश्यहरु

५. कृषि तथा पशुपालनसँग सम्बन्धित सानाकिसान मैत्री पूर्वाधार (खोर, गोठ, टनेल तथा कृषि उपज प्रशोधन केन्द्र) निर्माण तथा संचालन गर्ने ।

६. उन्नत प्रविधिको अनुसरण गरी सुधारिएको बाख्रा, स्थानीय कुखुरा व्यवस्थापन तथा दुध, तरकारी, ऊँखु, फलफुल तथा उच्च मुल्य कृषि उपजको उत्पादकत्व बृद्धि गरी उत्पादनमा दोब्बर वृद्धि गर्ने ।

७. कम्तिमा १००० रोपनी क्षेत्रफलमा अकबरे खुर्सानी, तरकारी लगायतका उच्च मुल्य कृषि वस्तुको खेति विस्तार गरी पकेट क्षेत्रहरु तयार गर्ने ।

८. सामाजिक पुँजीको अभिवृद्धि गर्ने ।

९. समूहमा आबद्ध भएका कृषकहरूलाई सहकारीमा आबद्ध गराई उत्पादित वस्तुको सामुहिक र व्यवस्थित बजारीकरण गर्ने ।

१०. सहकारी संस्थाहरुको क्षमता विकास गरी दिगो बजारीकरणमा सहजिकरण गर्ने ।

११. नवनिर्मित ऊँखु प्रसोधन केन्द्र संचालनमा ल्याउने ।

# परियोजनामा आवद्ध सदस्य संख्या

| वडा | मुल समुह संख्या | मुल समुह सदस्य संख्या | उपहार समुह संख्या | उपहार समुह सदस्य संख्या |
|---|---|---|---|---|
| १ | १ | ३४ | ४ | ७२ |
| २ | ० | ० | ३ | ७४ |
| ३ | १ | २० | ३ | ५८ |
| ४ | २ | ६५ | ३ | ८८ |
| ५ | ४ | १३० | ३ | ६१ |
| ६ | १ | ४० | २ | ६० |
| जम्मा | ९ | २८९ | १८ | ४१३ |

# आ.व. २०८२/८३ को चैत्र १८ सम्म जम्मा बजेट र खर्च बिवरण

| स्रोत | आ.व. २०८२/०८३ को कुल बजेट | खर्च भएको रकम | कैफियत |
|---|---|---|---|
| रुरुक्षेत्र गाउँपालिका तर्फ | ५५,००,००० | ३७,९६,५७०.६१ | |
| हेफर तर्फ | २९,५७,६८७ | २३,४८,३९३.१६ | |
| जम्मा | ८४,५७,६८७ | ६१,४४,९६३.७७ | |

# मुख्य उपलब्धीहरू

## दुग्ध प्रर्वधन

- दुध बिक्री प्रति दिन १७००+ लि. पुगेको
- ५३ वटा स्टिनलेस स्टिलका मिल्क क्यान सहकारीका कृषकलाई उपलब्ध गाराईएको
- बम्घा सहकारीले गाईको दाना बनाउने कार्य सुरुवात गरिएको

## बाख्रापालन

- परियोजना मार्फत २२५ वटा उन्नत बिउ बाख्रा बितरण गरिएकोमा उक्त बाख्राहरुबाट ४६ वटा पाठी उपहार भएका छन
- व्यवस्थापनमा परिवर्तन भएको (सरसफाई, खनिज ढिक्का, परजीवी बिरुद्ध उपचार आदी)
- हाडनाता प्रजनन्मा कमी (विउ बोका वितरण पश्चात)

## तरकारी खेति

- करिब ५० रोपनी क्षेत्रफलमा गाजर खेती गरेका ।
- करिब १३० रोपनी क्षेत्रफलमा ब्यावसायिक रुपमा बिभिन्न जातका तरकारी खेति प्रबर्द्धन भएको र हाल सम्म ७५ टन भन्दा बढी तरकारी बिक्री भईसकेको उक्त विक्रिबाट कृषकहरुले करीव ३५ लाख आम्दानी गरेका ।
- तरकारी बालीको प्रबर्द्धन भएको
- कृषकहरुले CSA Practice अपनाएको

# मुख्य उपलब्धीहरू

## सम्भावित नयाँ ब्यवसायको रुपमा उच्च मुल्य कृषि बाली अकबरे खुर्सानी र मेवा

- करिब ७ रोपनी क्षेत्रफलमा नयाँ ब्यवसायको रुपमा मेवाको परिक्षण खेति शुरु गरिएको सफल रहेकोले यस वर्ष थप ५ रोपनी क्षेत्रफलमा खेति विस्तार गरिएको ।
- गत वर्ष सम्म करिब २० रोपनी क्षेत्रफलमा बैकल्पिक ब्यवसायको रुपमा ब्यावसायिक अकबरे खुर्सानीको खेति शुरु गरिएकोमा यस वर्ष थप १०० रोपनी क्षेत्रफलमा खेति विस्तार गर्ने गरी नर्सरी स्थापना गरिएको ।
- यस वर्ष ५० रोपनी क्षेत्रफलमा गाजर खेती गरी करिव ५० टन गाजर उत्पादन गरी रु२५ समर्थन मुल्य निर्धारण गरि बिक्री गरिएको ।

## उँखु

- थप करिब ३०० रोपनीमा उँखु खेति बिस्तार भएको र कृषकहरुलाई आधुनिक प्रविधिको ज्ञान सिप प्रदान गरीएको
- दैनिक ७ टन उखु प्रशोधन गर्ने गरी उखुको संकलन प्रशोधन केन्द्र स्थापना र सञ्चालन गरिएको

# मुख्य उपलब्धीहरू

## अति बिपन्न परिवार

- १३४ घरधुरी अति बिपन्न तथा सिमान्तकृत परिवारलाई समुहमा आबद्ध गरि आर्थिक तथा सामाजिक सशक्तिकरणको कार्यक्रमहरु सञ्चालन भइरहेको जसले गर्दा सदस्यहरुमा सामुहिक भावना र सामाजिक पुँजिको विकास भएको छ ।

## सामाजिक पूँजी

- रुरुक्षेत्रभर रहेका ७२ वटा मुल र उपहार समुहमा २०९२ घरधुरी आवद्ध गरी नियमित बैठक, मासिक बचत, तालिम सञ्चालन गरीएको छ । समुहलाई सहकारीमा रुपान्तरण गरि हालसम्म सहकारीको कुल रकम रु २२,६०,६६८ भएको ।
- समुहको सक्रियतामा विद्यालय बाहिर रहेका विद्यार्थीलाई सहयोग सहित विद्यालय पठाउने गरेको ।
- परियोजनाको सहजिकरणमा कृषकलाई बैंकबाट रु ३२,९०,०००। कृषि ऋण उपलब्ध भएको ।
- सहकारी एकिकरणका सम्पुर्ण प्रक्रिया पुरा भई सहकारीको पहिलो साधारण सभा सम्पन्न भएको र सहकारी व्यवसायीक योजना बनाइ अगाडी बढ्ने चरणमा रहेको

# कार्यक्रमहरु को माग संकलन



मिल्क क्यान



गाई



विउ वोका



घाँसको विउ



अकबरे र गाजरको विउ



दाना उद्योग सहयोग



डिजिटल तौल मेसिन र क्रेट

# पालिका स्तरीय परियोजना अनुगमन तथा समन्वय समितिको बैठक





# सहकारी व्यवस्थापन तालिम सम्पन्न









# सहकारीलई ३ दिने अध्ययन अवलोकन भ्रमण








# बजार अध्ययन








# १००% का १२ वटा सिरोही विउ बोका वितरण








# गाजर खेतीको सुरुवात २ वटा समुहमा ५० रोपनी क्षेत्रफलमा







# गाजर खेतीको सुरुवात २ वटा समुहमा करिव ४० टन बिक्री







# परियोजना बाट वितरीत बाख्राबाट उत्पादित ४६वटा बाख्रा उपहार प्रदान






# उन्नत नश्लका ३७ वटा गाई वितरण







बम्घा सहकारीले गाईको दाना उत्पादन सुरु







# ५३ वटा स्टिनलेस स्टिलका क्यान वितरण



# ३६४ केजी टियोसेन्टी र ३४ केजी बाजराको विउ सहयोग



# सबै वडाहरुमा समुह संजाल गठन







# गाई पालक कृषकहरुलाई थुनेलो सम्वनधी सचेतना



# नियमित भेटघाट र घरदैलो

- याङ्गुङ्गको विउ बोका
- माछा पालन
- घाँस







# विभिन्न स्थानबाट भ्रमण आएको











गत वर्ष सम्पन्न कार्यक्रमको नियमित अनुगमन तथा घरदैलो










राष्ट्रिय 'क' वर्गमा वर्गीकृत
राष्ट्रिय दैनिक
# बुटवल टुडे
साझा विचार, ताजा समाचार
वर्ष १४ | अंक २१८ | शनिबार | १७ जेठ २०८२ | Saturday 31 May 2025 | पृष्ठ: ८ | मूल्य: ६ रुपैयाँ

विज्ञापन प्रकाशन गर्नु परेमा
ग्राहक बन्नु परेमा
पत्रिका ढिलो आएमा
बुटवल टुडे
प्रधान कार्यालय: बुटवल-६, तिलोत्तमा पथ, रुपन्देही
फोन: ०७१-५५४६४०, ५५४६४२

आनन्दलोक हास्पिटल एवं टेस्ट ट्यूब बेबी सेन्टर
डा. आनन्द अग्रवाल
डा. अल्पना अग्रवाल
स्त्री एवं प्रसूती रोग विशेषज्ञ
विश्व की नवीनतम तकनीक लेजर एवं लैप्रोस्कोपी द्वारा पत्थरी ट्यूमर एवं अन्य आपरेशन
डा.कनिका पोपली अग्रवाल (स्किन रोग विशेषज्ञ)
डर्मेटोलॉजी, लेजर, कास्मेटोलॉजी,
ICU, Neuro & Trauma, टेस्ट ट्यूब बेबी
सोनौली रोड, गोरखनाथ, गोरखपुर (भारत)
सम्पर्क – ००९१-६३९०५८७९९७




# कृषिमार्फत 'समृद्धि सपना'

**कृषि कार्यक्रमका लागि विभिन्न समूह र सहकारी मार्फत बाख्रा तथा बोकाहरू वितरण, खोर निर्माण, गाईपालन, भकारो सुधार, डेरी सञ्चालन, फलफूल तथा तरकारी, घाँस, उखु तथा अकबरे खुर्सानी लगायतका वस्तुहरू उत्पादन गरी उनीहरूको आयआर्जन वृद्धिमा जोड दिएको छ।**

**जनार्दन घिमिरे**
गुल्मी, १५ जेठ।

गुल्मीको रुरु गाउँपालिकामा कृषि लक्षित कार्यक्रम शुरु भएको छ। "रुरु कृषि परियोजना" नाम दिइएको कार्यक्रममा पालिका क्षेत्रका कृषकलाई व्यवसायिक रुपमा आयआर्जनको काममा सहभागी भएका छन्। महिला तथा युवाहरू मार्फत गाउँपालिका भित्र कृषि तथा पशुपालनलाई व्यावसायिक बनाउँदै उनीहरूलाई आत्मनिर्भरता र सामाजिक सशक्तीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त परियोजना सञ्चालन गरिएको रुरुक्षेत्र गाउँपालिका अध्यक्ष यदु झवालीले बताए। "विशेष गरी महिलाहरूलाई मुख्यतः स्वावलम्बन र उद्यमी बनाउने हिसाबले हामीले काम गरिरहेका छौं," झवालीले भने। पालिकाले तरकारी, दुध, मासु, उखु प्रवर्द्धन लगायतका क्षेत्रमा आत्मनिर्भर बनेको उनको दावी छ।



# बाख्रापालनले फेरिँदै जीवनस्तर

**हमाकान्त पोखरेल/राजधानी**
गुल्मी, ९ पुस



जिल्लाको रुरु क्षेत्र गाउँपालिका-३ भमार्दीकी सुकमाया नेपालीको गोठमा अहिले कुल ३८ बटा बाख्रा छन्। जसमा १५ माउ र ६ बटा ठूला बोका छन्। एकपटक वैदेशिक रोजगारीमा गएका छोरा-आमाको व्यवसायबाट लोभिए। अहिले उनका छोरा पनि स्वदेशमा आमासँगै बाख्रापालन गरिरहेका छन्।

विगत ५ वर्षदेखि व्यावसायिक रूपमा बाख्रापालनमा लागेकी नेपालीले पछिल्लो समय बाख्राको सङ्ख्यामा वृद्धि गरेकी छन्। 'बाख्रापालनबाट घर खर्च चलाउन निकै सहज हुने रहेछ,' उनले भनिन्। बाख्रापालनबाट मात्रै वार्षिक ३ लाख रुपैयाँ आम्दानी हुने उनको भनाइ छ। बाख्रापालनबाट नियमित आम्दानी हुन थालेपछि दैनिक काममा निकै सहजता आएको सुकमाया बताउँछिन्।

सोही ठाउँकै २८ वर्षीया खुमा पुनले पनि १४ बटा बोका, १८ बटा माउ र अन्य पाठापाठी गरी ४८ बटा बाख्रा पालेकी छन्। उनलाई बाख्रापालनमा श्रीमान् र सासूआमाको साथ छ। 'पहिले-पहिले यो पेसाप्रति खासै विश्वास लाग्ने थिएन,' उनले भनिन्, 'अहिले आम्दानीमा वृद्धि हुँदै गएपछि पेसाप्रति आत्मविश्वास बढेको छ।'

आफ्नो नियमित आम्दानीको स्रोत भएपछि गाउँमा ऋण लिन एवं घर व्यवहार चलाउन सहज हुने पुनको अनुभव छ। 'पहिले-पहिले कसैसँग पैसा सापटी माग्दा पनि नपाउने स्थिति थियो, अहिले धेरै थोरै कारोबारमा समस्या छैन,' उनले भनिन्। उनले बाख्राको लागि आवश्यक उन्नत जातको घाँस पनि लगाएकी छन्। घाँसको बीउ उनले रुरु कृषि परियोजनाबाट लगेकी हुन्। सोही ठाउँकै शिला नेपालीले पनि आइतबार बाख्राको पाठी उपहार पाइन्। रुरु क्षेत्र गाउँपालिकामा सञ्चालित रुरु कृषि परियोजनामार्फत गठन भएको मूल समूहबाट पाठी पाएकी उनले बाख्रापालन व्यवसायलाई वृद्धि गर्दै लैजाने बताइन्।

रुरु क्षेत्र गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक सहयोगमा नवप्रभात युवा सघको सहजीकरणमा रुरु क्षेत्र गाउँपालिकाभर 'रुरु कृषि परियोजना' सञ्चालनमा छ। जसमा पहिलो चरणको कार्यक्रम मूल समूह र दोस्रो चरणको कार्यक्रम उपहार समूह हो। 'समूहमा आबद्ध हुन पाउँदा धेरै खुसी छु, यसले आयआर्जनका साथै नेतृत्व विकासका कार्यक्रमसमेत सञ्चालन गर्छ,' नेपालीले भनिन्, 'व्यावसायिक बाख्रापालन गरी आम्दानी वृद्धि गर्ने लक्ष्य रहेको छ।' रुरु कृषि परियोजनाबाट घाँसको बीउ प्राप्त गर्नुका साथै बाख्रालाई दाना बनाउनेलगायतका सीप सिकेको उनको भनाइ छ।

## वार्षिक ४ करोडको खसीबोका निर्यात

रुरु क्षेत्र गाउँपालिकाभर सञ्चालन भएको परियोजनाबाट ७७ समूहमा २ हजार ४ सयभन्दा बढी महिला आबद्ध छन्। परियोजनाले खासगरी उन्नत नस्लका बाख्रा वितरण, तरकारी, उखु, फलफूल र दुग्ध उत्पादनमा काम गर्दै आएको परियोजना संयोजक प्रकाश चालिसेले बताए। परियोजनाले पहिलो चरणमा मूल समूहमा आबद्ध महिलाहरूलाई ५ सय ८५ बटा बाख्रा वितरण गरिएको थियो। गत वर्षको चैतबाट सुरु भएको परियोजनाको अवधि २६ महिनाको रहेको छ।

अहिले गाउँपालिकाभरि कुल ८ हजार माउ बाख्रा र २ हजार ५ सय ठूला खसीबोका रहेको चालिसेको भनाइ छ। विगत एक वर्षमा गाउँपालिकाबाट ४ करोड रुपैयाँबराबरको खसीबोका गाउँपालिकाभन्दा बाहिर निर्यात भएका छन्।

# रुरुक्षेत्रका सिमान्तकृत बोटे माझी र बिपन्न परिवारलाई बाख्रा बितरण

देश दर्शन टिभी संवाददाता   १३ असार २०८१, बुधबार

263 Shares

भुवन भुसाल, गुल्मी । जिल्लाको रुरुक्षेत्र गाउँपालिकाका सिमान्तकृत बोटे माझी र बिपन्न परिवारलाई बाख्रा बितरण गरिएको छ । गाउँपालिकाको वडा नं ५ बोटेगाउँमा रहेका उनिहरुलाई माउ बाख्रा र विउ बोका बितरण गरिएको हो ।

रुरुक्षेत्र गाँउपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्रविधिक सहयोगमा नव प्रभात युवा संघ गुल्मी द्वारा संचालीत रुरु कृषि परियोजना अन्र्तगत बाख्रा बितरण गरिएको नवप्रभात युवा संघका कार्यकारी निर्देशक धातानन्द भुसालले बताउनु भयो । एक औपचारिक कार्यक्रमको आयोजना गरि सम्पन्न उक्त कार्यक्रममा मिलनसार महिला स्वावलम्वी समुहकी अध्यक्ष धनकला पाण्डेको अध्यक्षता र गाँउपालिकाका अध्यक्ष यदु ज्ञवालीको प्रमुख आतिथ्यता रहेको थियो । बोटे माझी लगायत अति विपन्न वर्गका महिलाहरुलाई लक्षित उनिहरुको आयआर्जन बृद्धि गर्ने उद्धेस्यले यो कार्यक्रम गरिएको अध्यक्ष ज्ञवालीले बताउनुभयो । ज्ञवालीले स्थानीयहरुको आर्थिक विकासको साथै सडक खानेपानी जस्ता समस्या समाधानको लागि गाँउपालिकाले भरपुर सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै साझेदार संस्था हेफर प्रोजेक्ट नेपाल र नव प्रभात युवा संघले पनि यो वस्तिको आर्थिक तथा सामाजिक विकासमा विशेष ध्यानदिन आग्रह गर्नुभयो ।



गुल्मीको बम्घा गाउँमा दैनिक १४ सय
hapatraonline.com/news/164718?fbclid=IwY2xjawL32OlleHRuA2FlbQIxMQABHmERjiTXegRCr_VzEu4eTkC1Z
https://www.facebo... NEPSE Online Tradi... Welcome - Dakshin... Nepal Electricity Aut...


# गुल्मीको बम्घा गाउँमा दैनिक १४ सय लिटर दुध उत्पादन




गोरखापत्र अनलाइन ७ साउन २०८२, बुधवार १ हप्ता पहिले

शेयर गर्नुहोस: फन्ट परिवर्तन गर्नुहोस: अ अ अ

रेसुङ्गा समाचारदाता

गुल्मीको बम्घा गाउँमा दैनिक १४ सय
atraonline.com/news/164718?fbclid=IwY2xjawL32OlleHRuA2FlbQIxMQABHmERjiTXegRCr_VzEu4eTkC1ZHU8
https://www.facebo... NEPSE Online Tradi... Welcome - Dakshin... Nepal Electricity Aut...
होमपेज राष्ट्रिय लोकसेवा राजनीति शताब्दी रजत प्रदेश अर्थ विचार आजका समाचार

गुल्मीको बम्घा गाउँमा दैनिक १४ सय लिटर दुध उत्पादन

शेयर गर्नुहोस: फन्ट परिवर्तन गर्नुहोस: अ अ अ

रेसुङ्गा समाचारदाता

**रेसुङ्गा (गुल्मी), साउन ७ गते ।** दुई वर्षअघि महामारीका रूपमा फैलिएको 'लम्पी स्किन' फेरि फैलिँदै छ । तथापि गुल्मीमा भने अहिलेसम्म 'लम्पी स्किन' का घटना देखिएको छैन ।

पशुधनमा व्यापक क्षति गराएको 'लम्पी स्किन' बाट २०८० सालमा गुल्मीको रुरुक्षेत्र गाउँपालिका–५, बम्घास्थित बम्घा बहुउद्देश्यीय सहकारी संस्थामा आबद्ध किसानका ३४ वटा गाई मरेका थिए । त्यही कारण सहकारीमा सङ्कलन हुँदै आएको एक हजार लिटर दुध घटेर तीन सयमा झऱ्यो ।


त्यसबाट निराश किसान पेसाबाटै विस्थापित हुने अवस्था थियो तर गाईको बिमा गरेका कारण उनीहरूलाई पुनर्लाभ गर्न सहज भयो । गाउँपालिकाले पनि प्रतिगाई १० हजार रुपियाँ क्षतिपूर्ति दियो । रुरु कृषि परियोजनाले दुई वर्ष ७८ गाई खरिद गरेर किसानलाई ४० हजार अनुदानमा वितरण गरेकाले किसान पुरानो अवस्थाभन्दा पनि माथि उठे ।

लुम्बिनी प्रदेश सरकारले विज्ञ केन्द्रमार्फत प्रतिलिटर दुई रुपियाँ र रुरुक्षेत्र गाउँपालिकाले प्रतिलिटर तीन रुपियाँ उत्पादनमा आधारित अनुदान सहयोग गरेकाले पनि किसानलाई ऊर्जा प्राप्त भयो । रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले आफूहरूले साढे तीन करोडको रुरु कृषि परियोजना नै तयार पारेर कृषि


HD
BUDDHA
बुद्ध
सामुदायिक
टेलिभिजन






TKP
shorts

# कृषिमार्फत 'समृद्धि सपना'

जनता टुडे | शनिवार, जेठ १७ २०८२

7 Shares



**गुल्मी,** गुल्मीको रुरु गाउँपालिकामा कृषि लक्षित कार्यक्रम सुरु भएको छ। "रुरु कृषि परियोजना" नाम दिइएको कार्यक्रममा पालि… क्षेत्रका कृषकलाई व्यावसायिक रूपमा आयआर्जनको काममा सहभागी भएका छन्। महिला तथा युवाहरू मार्फत गाउँपालिका भित्र कृ… तथा पशुपालनलाई व्यावसायिक बनाउँदै उनीहरूलाई आत्मनिर्भरता र सामाजिक सशक्तिकरणमा सहयोग पुऱ्याउने उद्देश्यले उ… परियोजना सञ्चालन गरिएको रुरुक्षेत्र गाउँपालिका अध्यक्ष यदु झवालीले बताए। "विशेष गरी महिलाहरूलाई मुख्यतः स्वावलम्बन र उद्य… बनाउने हिसाबले हामीले काम गरिरहेका छौं," झवालीले भने। पालिकाले तरकारी, दूध, मासु, उखु प्रवर्द्धन लगायतका क्षेत्रमा आत्मनि… बनेको उनको दाबी छ।

राजधानी



# रुरुक्षेत्रमा गुड खुदो उद्योग स्थापन…

इमाकान्त पोखरेल | २०८२ जेठ १७ गते ०५:११

औषधी घरमै बसी बसी Hamro Pharma www.hamropharma.com



REMIT पहिलो ३ ट्रान्सफर निःशुल्क !

44 Shares

गुल्मी । गुल्मीको रुरुक्षेत्र गाउँपालिका–३ थोर्गा पानीटंकीका गोविन्द झवालीको पुख्र्यौली पेशा नै उखु खेती हो । उनले उखुबाट बन्ने खुदो र गुड बेचेरै आम्दानी गरिरहेका छन् । झवालीले ढाई रोपनी जग्गामा गरेको उखु खेतीबाट वार्षिक ५८ हजार आम्दानी गर्दै आएका छन् । उखु खेती बाहेक परिवार अन्य कृषि पेशामा आवद्ध छ भने गोविन्दले गाउँमै स्थापना भएको गुड खुदो उद्योगमा काम गर्छन् । केही उखु बीउको लागि पनि राखेको राम्रो आम्दानी भइरहेकोले विदेश जाने कुनै योजना नभएको गोविन्द बताउछन् ।



# गुल्मीको रुरुक्षेत्रमा तीन करोड ३३ लाख रुपैयाँको लगानीमा कृषि परियोजना सञ्चालन

जेठ १८, २०८२ आइतबार १२:५५:५३ | जनार्दन घिमिरे



गुल्मी – गुल्मीको रुरुक्षेत्र गाउँपालिकामा 'रुरु कृषि परियोजना' सञ्चालन भएसँगै किसान व्यावसायिक रूपमा आयआर्जनमा लागेका छन् ।

# बिमाले उठाएको दुग्ध व्यवसाय

**रेसुङ्गा समाचारदाता**
*रेसुङ्गा (गुल्मी), साउन ६ गते*

दुई वर्षअघि महामारीका रूपमा फैलिएको 'लम्पी स्किन' फेरि फैलिँदै छ। तथापि गुल्मीमा भने अहिलेसम्म 'लम्पी स्किन' का घटना देखिएको छैन।

पशुधनमा व्यापक क्षति गराएको 'लम्पी स्किन' बाट २०८० सालमा गुल्मीको रुरुक्षेत्र गाउँपालिका-५, बम्धास्थित बम्धा बहुउद्देश्यीय सहकारी संस्थामा आबद्ध किसानका ३४ वटा गाई मरेका थिए। त्यही कारण सहकारीमा सङ्कलन हुँदै आएको एक हजार लिटर दुध घटेर तीन सयमा झर्‍यो।

त्यसबाट निराश किसान पेसाबाटै विस्थापित हुने अवस्था थियो तर गाईको बिमा गरेका कारण उनीहरूलाई पुनर्लाभ गर्न सहज भयो। गाउँपालिकाले पनि प्रतिगाई १० हजार रुपियाँ क्षतिपूर्ति दियो। रुरु कृषि परियोजनाले दुई वर्ष ७८ गाई खरिद गरेर किसानलाई ४० हजार अनुदानमा वितरण गरेकाले किसान पुरानो अवस्थाभन्दा पनि माथि उठे।

लुम्बिनी प्रदेश सरकारले विज्ञ केन्द्रमार्फत प्रतिलिटर दुई रुपियाँ र रुरुक्षेत्र गाउँपालिकाले प्रतिलिटर तीन रुपियाँ उत्पादनमा आधारित अनुदान सहयोग गरेकाले पनि किसानलाई ऊर्जा प्राप्त भयो। रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले आफूहरूले साढे तीन करोडको रुरु कृषि परियोजना नै तयार पारेर कृषि र पशुपालनका क्षेत्रमा काम गरिरहेको बताउनुभयो।

त्यसयता बम्धाले दुध उत्पादन र बजारीकरणमा फड्को मारेको छ। रुरुक्षेत्र गाउँपालिका-५, बम्धाका महेन्द्र पुरीलाई दैनिक सखारैदेखि सहकारीमा दुध पुर्‍याउने चटारो हुन्छ। दैनिक ४० लिटर दुध बेच्ने पुरीले मासिक ८० देखि ९० हजार रुपियाँ कमाउँदै आउनुभएको छ। सोही गाउँकै बाबुराम श्रेष्ठ त सहकारीमा सबैभन्दा बढी दुध बेच्नुहुन्छ। अवकाश प्राप्त भारतीय सेना श्रेष्ठले सहकारीमा दैनिक ९० लिटरभन्दा बढी दुध बिक्री गर्दै आउनुभएको छ। जेठमा श्रेष्ठले दुधबाटै एक लाख ६० हजार रुपियाँभन्दा बढी कमाइ गर्नुभएको छ।

२०६५ मा बम्धाका किसान मिलेर १८ लिटर दुध सङ्कलन गर्थे। अहिले त्यही बम्धा गाउँले दैनिक १४ सय लिटर दुध बेच्दै आएको छ। तत्कालीन मालिका गाईपालन समूहबाट दुध सङ्कलन थालेका स्थानीयले पछि सहकारी दर्ता गरेर काम अगाडि बढाएका थिए। बम्धा बहुउद्देश्यीय सहकारी संस्था रुरुक्षेत्र गाउँपालिका-५, बम्धामा अहिले १८८ जना सेयर सदस्य छन् भने सहकारीमार्फत जोडिए ११९ जनाले व्यावसायिक रूपमा दुधको कारोबार गर्दै आएका छन्।

ईश्वर डेरीमार्फत जिल्लाका विभिन्न ठाउँमा दुध बिक्रीवितरण हुने सहकारीले जनाएको छ। किसानले प्रतिलिटर न्यूनतम ६५ देखि १२० रुपियाँसम्म मूल्य पाउँछन्। बम्धा बहुद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कुलचन्द्र पुरीले संस्थाले मासिक ३० लाख रुपियाँ बराबरको दुधको कारोबार गर्दै आएको जानकारी दिनुभयो।

सहकारीमार्फत दैनिक तीन जनाले रोजगारी पाएका छन्। बम्धामा अहिले करिब १६० गाई र २० वटा भैँसी छन्। सहकारीका सचिव मेघराज गिरीले अहिले पाँच वटा व्यावसायिक फर्मबाट र बाँकी ८५ प्रतिशत व्यक्तिगत रूपमा आफूहरूले दुध सङ्कलन गरिहेको जानकारी दिनुभयो।

## लिटरमा पाँच रुपियाँ अनुदान

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, साउन ६ गते*

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र स्याङ्जाले एक लिटर दुधमा पाँच रुपियाँ अनुदान दिएको छ। यहाँको भिरकोट दुग्ध उत्पादक सहकारीलाई एक लाख ३० हजार १३० लिटरको छ लाख ६० हजार ६५० रुपियाँ र आँधीखोला कृषि उद्यम सहकारी संस्थालाई ६९ हजार ७२० लिटर दुधको तीन लाख ४८ हजार छ सय रुपियाँ गरी नौ लाख ९९ हजार २५० रुपियाँ अनुदान दिएको हो। पशुसेवा विज्ञ केन्द्र स्याङ्जाका प्रमुख रूपेश श्रेष्ठले कार्यालयले निकालेको सूचनामा माग भएका तीनमध्ये दुई वटा छनोट गरी अनुदान दिएको बताउनुभयो।

यस्तै कार्यालयले भिरकोट सहकारीलाई ७५ प्रतिशत अनुदानमा एक लाख एक हजार रुपियाँको मिल्क एनोलाइजर प्रदान गरेको छ। यस्तै विज्ञ केन्द्र स्याङ्जाले चापाकोट-९ को केलादी दुग्ध उत्पादक समूहलाई नयाँ गोठ निर्माणमा नौ वटाको छ लाख ९६ हजार ५१८ रुपियाँ, १० वटा भकारो सुधारका लागि तीन लाख ४५ हजार छ सय रुपियाँ, ८१ हजारको राँगो, १३ वटा च्याफ कटरको तीन लाख ३१ हजार पाँच सय रुपियाँ, डेरी उपकरण खरिदको एक लाख ४९ हजार ७४० लगायत १६ लाख ३९ हजार ९५३ रुपियाँ बराबरको अनुदान दिएको श्रेष्ठले बताउनुभयो। यस्तै विज्ञ केन्द्रले चापाकोट-९ को सिद्धबाबा एग्रो फार्म एन्ड सिचर्स सेन्टर प्रालिलाई ९५ लाख पाँच प्रतिशत अनुदानमा कृषि ऋण दिएको हो। केन्द्रले आर्थिक वर्ष २०८१/८२ मा चार करोड ५४ लाख चालु र ७० लाख पुँजीगत बजेटमध्ये ८२.६३ प्रतिशत खर्च गरेको छ।

● रुरु क्षेत्रमा गुड खुदो उद्योग स्थापना

# चार महिनामै ६९ लाखको कारोबार, फेरियो किसानको जीवनस्तर

**हमाकान्त पोखरेल/राजधानी**
गुल्मी, १८ जेठ

गुल्मी रुरुक्षेत्र गाउँपालिका-३ धोगी पार्नाट्यार्कीका गोविन्द ज्ञवालीको पुख्यौली पेसा नै उखु खेती हो। उनले उखुबाट बन्ने खुदो र गुड बेचेरै आम्दानी गरिरहेका छन्। ज्ञवालीले साढे २ रोपनी जग्गामा गरेको उखु खेतीबाट वार्षिक ५८ हजार रुपैयाँ आम्दानी गर्दै आएका छन्। उखु खेतीबाहेक परिवार अन्य कृषि पेसामा आबद्ध छन् भने गोविन्द गाउँमै स्थापना भएको गुड खुदो उद्योगमा काम गर्छन्। केही उखु बीउका लागि पनि राखेको र राम्रो आम्दानी भइरहेको भन्दै विदेश जाने कुनै योजना नभएको गोविन्द बताउँछन्।

रुरु क्षेत्रमा गोविन्दजस्तै उखु खेतीबाट धेरैले मनग्य आम्दानी गरिरहेका छन्। रुरुक्षेत्र गाउँपालिका उखु खेतीका लागि प्रख्यात मानिन्छ। पालिकाभरि करिब ३ हजार रोपनीमा अहिले उखु खेती भइरहेको छ। पछिल्लो समय उखुको उचित मूल्य र बजारीकरणका लागि पालिकाले वडा नम्बर ४ मा 'धोग्रेली गुड खुदो उद्योग' स्थापना गरेको छ। जसबाट स्थानीयले एकातर्फ उखुको झन्डै दोब्बर मूल्य पाएको छ भने अर्कोतर्फ गाउँमै रोजगारीसमेत सिर्जना भएको छ। उद्योगबाट उखुको रसबाट गुड, खुदो र मिठाई उत्पादन हुँदै आएको छ। जसले गर्दा उखु कृषकको जीवनस्तर नै फेरिएको छ।

उखु कृषकलाई एकीकृत गरी उद्योग स्थापना गर्नका लागि रुरु बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड गठन भयो। सहकारीमा हाल १ सय १० कृषक आबद्ध छन्। 'धोग्रेली गुड खुदो उद्योग' पनि यसै सहकारीमार्फत सञ्चालन भइरहेको छ। उद्योगले अहिले कृषकको बारीमै पुगेर उखु खरिद गर्छ। २० माघमा स्थापना भएको उद्योगले माघ महिनाभर प्रतिकेजी ११ तथा फागुन महिनादेखि हालसम्म प्रतिकेजी १२ रुपैयाँमा उखु खरिद गरिरहेको छ। उद्योगले ल्याएको उखु पेलेर खुदो पकाउने, गुड तथा गुडका मिठाई बनाउने काम गरिरहेको रुरु कृषि परियोजनाका संयोजक प्रकाश चालिसेले जानकारी दिए।

### उद्योगबाट रोजगारी सिर्जना

रुरुमा स्थापना भएको उद्योगले रोजगारीसमेत सिर्जना गरेको छ। स्थानीय हरि सेनालीले पहिले दुबैको कम्पनीमा काम गरे। केही समयअगाडि घर आएका उनले गाउँमै स्थापना भएको उद्योगमा काम पाए। अहिले उनी उखु खुदो पकाउने, गुड बनाउने र प्याकेटिङको काम गर्छन्। 'विदेशमा अरूको दबाबमा धेरै काम गर्नुपर्थ्यो, यहाँ साथीभाइसँगै काम गर्न पाइएको छ,' उनले भने, 'यहाँको उद्योगमा काम गर्दा पारिवारिक वातावरण छ।'

सोही उद्योगमा गुड प्याकेजिङको काम गर्ने सीता पन्थलाई उद्योगमा काम सुरु गरेदेखि दैनिक घरखर्च चलाउन निकै सहज भएको छ। मासिक १२ हजार रुपैयाँ कमाउने उनले सहकारीको सेयर सदस्य भएका कारणले काम पाएको बताइन्। उद्योग स्थापनादेखि नै काम गर्दै आएकी कल्पना राईले पनि अहिले सानोतिनो खर्चका लागि श्रीमान्सँग समेत माग्नु नपरेको बताइन्। 'घरखर्च चलाएकी छु, २ हजार पैसा पनि साथमा हुने गरेको छ,' उनले भनिन्, 'गाउँमै उद्योग स्थापना भएपछि हाम्रो दैनिकी फेरिएको छ।'

उद्योगमा हाल नियमित पाँच जनाले रोजगारी पाएका छन्। काम गर्ने सबै सहकारीका सेयर सदस्य छन्। उनीहरूको कामको प्रकार हेरीकन मासिक १२ हजारदेखि २५ हजार रुपैयाँसम्म प्रदान गरिएको छ। यसरी सबै कामदारको मासिक २ लाख रुपैयाँ सहकारीले भुक्तानी गर्ने प्रबन्धक प्रकाश धापाले बताए। यसरी हेर्दा रुरु क्षेत्रमा स्थापना गरिएको गुड खुदो उद्योगले चार महिनामै ६८ लाख ८० हजार रुपैयाँको कारोबार गरेको छ।

## चार महिनामै २९ लाखको गुड, खुदो बिक्री

उखुको रसबाट बन्ने परिकार बनाउनका लागि वडा नम्बर ४ मा उद्योग स्थापना भयो। जसमा पालिकाले भवन निर्माणका लागि २० लाख र नवप्रभात युवा संघद्वारा सञ्चालित रुरु कृषि परियोजनाको समन्वयमा हेफर इन्टरनेसनलले ५२ लाख रुपैयाँ लगानी गरेको छ। उद्योगले स्थापनाको छोटो समयमै राम्रो आम्दानी गरेको छ। उद्योगले उखुको खरिददेखि गुड, खुदो र मिठाई उत्पादन गरी बिक्री गर्छ। उत्पादित गुड, खुदो स्थानीय बजारमै खपत हुन्छ। अहिलेसम्म २ सय ६५ टन उखु प्रशोधनबाट १९ लाखमा ७५ क्विन्टल गुड र १० लाखमा ५ हजार लिटर खुदो बिक्री भएको सहकारीका प्रबन्धक धापाले बताए।

अहिले दैनिक अढाई क्विन्टल खुदो उत्पादन भइरहेको छ। अहिले पनि १५ हजार लिटर खुदो स्टक रहेको छ। उद्योग स्थापनादेखि हालसम्म २ सय ६५ टन उखु बिक्रीबाट किसानले ३१ लाख ८० हजार रकम बुझेका छन्। पहिले प्रतिकेजी सात रुपैयाँमा बिक्री हुने उखु अहिले उद्योग स्थापना भएसँगै प्रतिकेजी १२ रुपैयाँमा बिक्री भइरहेको छ। उखु बिक्रीबाट सबैभन्दा धेरै गंगा पुनले २ लाख ५० हजार आम्दानी गरेकी छन्। 'उद्योग स्थापनापछि उखुमा झन्डै दोब्बर मूल्य पाइएको छ,' पुनले भनिन्, 'अब बजारको पनि कुनै समस्या छैन।'

रुरुमा हाल रातोकोशेर, धारापातेलगायतका जातका उखु उत्पादन हुने गरेका छन्। लगाएको नौ महिनामा तयार हुने एउटा उखुको लाक्रो औसतमा ३ किलो हुने गरेको छ।

रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले किसानको आवश्यकतालाई मध्यनजर गरी उद्योग स्थापना गरेको बताए। 'कृषि र पर्यटनमार्फत रोजगारी सिर्जना गर्नेतर्फ उन्मुख भइरहेका छौँ,' अध्यक्ष ज्ञवालीले भने, 'उखु खेती विस्तार गर्नका लागि पालिकाले मल, बीउ र प्रविधिमा सहयोग गरेको छ।' उनले अब बनाउने नयाँ आवको नीति तथा कार्यक्रममा पनि उखुखेती र उद्योगलाई विशेष प्राथमिकता दिने बताए। 'किसानका समस्यामा पालिका सधैँ सँगै छ,' ज्ञवालीले भने।



# धन्यबाद